९२८


# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, चैत २३ गते २०३७ साल [अतिरिक्ताङ्क ७४


श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

#### शिक्षा (सातौं संशोधन) नियमावली, २०३७

शिक्षा नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शिक्षा (सातौं संशोधन) नियमावली, २०३७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०२८ को नियम ३ मा संशोधनः शिक्षा नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उप-नियम (१) मा रहेको "नियम ७ को उप-नियम (१)" भन्ने शब्दहरूको सट्टा "नियम ७" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को उप-नियम (१) मा रहेको "नियम ७ को उप-नियम (१)" भन्ने शब्दहरूको सट्टा "नियम ७" भन्ने शब्दहरू राखिएका छन् । १३०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को उप-नियम (१) मा रहेको "नियम ७ को उप-नियम (१)" भन्ने शब्दहरूको सट्टा "नियम ७" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीमा नियम ५ क. र ५ ख. थपः मूल नियमावलीको नियम ५ पछि देहायका नियम ५ क. र ५ ख. थपिएका छन्:–

"५ क. आवाशीय विद्यालय वा निजी स्रोतबाट संचालन हुने विद्यालय खोल्ने अनुमतिः

(१) आवाशीय वा निजी स्रोतबाट संचालन हुने विद्यालय खोल्न चाहने व्यक्ति वा संस्थाले नियम ७ मा उल्लेखित शर्त, बन्देज पालन गर्छु भन्ने उल्लेख गरी सम्बन्धित गाउँ वा नगर पञ्चायतको सिफारिश-साथ स्थानीय जिल्ला कार्यालय, शिक्षा शाखामा दरखास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम पर्न आएको दरखास्तका सम्बन्धमा नियम ६ मा उल्लेखित कुराहरू विचार गरी जिल्ला शिक्षा समितिको राय लिई पूर्व प्राथमिक विद्यालयको हकमा जिल्ला शिक्षा अधिकारीले विद्यालय खोल्न अनुमति दिन सक्नेछ र अन्य विद्यालयको हकमा आफ्नो रायसाथ सो दरखास्त सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

(३) क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखले उप-नियम (२) बमोजिम प्राप्त हुन आएको दरखास्तउपर नियम ६ मा उल्लेखित कुराहरू समेत विचार गरी आफ्नो रायसाथ सो दरखास्त शिक्षा मन्त्रालयमा पठाउनु पर्नेछ र शिक्षा मन्त्रालयबाट आदेश प्राप्त भएपछि विद्यालय खोल्न अनुमति दिन सक्नेछ ।

५ ख. आवाशीय विद्यालयको रूपमा वा निजी स्रोतमा चलाउन अनुमति दिन सकिनेः श्री ५ को सरकारबाट आर्थिक सहायता प्राप्त गरी संचालन भै रहेको विद्यालयले आवाशीय विद्यालयको रूपमा चलाउन वा निजी स्रोतबाट चलाउन चाहेमा क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखले त्यस्तो विद्यालयलाई आवाशीय विद्यालयको रूपमा चलाउन वा निजी स्रोतमा चलाउन अनुमति दिन सक्नेछ ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को (१) खण्ड (ज) मा रहेको "जिल्ला शिक्षा समितिले" भन्ने शब्दहरूको सट्टा "विद्यालय संचालक समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः–

"(झ) अन्य विद्यालयलाई कुनै बाधा पर्ने नपर्ने ।"

७. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः–

"७. अनुमति लिई खोलिएको विद्यालयले पालन गर्नु पर्ने शर्त, बन्देजः अनुमति लिई खोलिएको विद्यालयले वा विद्यालय खोल्न अनुमति प्राप्त गरेको व्यक्ति वा संस्थाले देहायको शर्त, बन्देज पालन गर्नु पर्नेछः–

(क) विद्यालयमा शिक्षा मन्त्रालयले तोकिदिएबमोजिमको विद्यार्थी संख्या पुऱ्याउने,

(ख) विद्यालयमा शिक्षा मन्त्रालयले तोकिदिएको संख्यामा तोकेको योग्यता भएको शिक्षक राख्ने,

(ग) शिक्षा मन्त्रालयले तोकिदिएबमोजिमको जग्गा, विद्यालय भवन, आवाशीय विद्यालयको लागि आवास भवन, खेल मैदान, फर्निचर, शैक्षिक सामाग्री आदि भौतिक साधन अनुमति प्राप्त गरेको मितिले एक वर्षभित्र स्थानीय स्रोतबाट जुटाउने,

(घ) श्री ५ को सरकारले लागू गरेको पाठचक्रम र पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

तर सम्बन्धित विषयमा बढी ज्ञान दिने उद्देश्यले पूरक पाठ्य-पुस्तक पढाउन आवश्यक भएमा शिक्षा मन्त्रालयको स्वीकृति लिई पढाउन सकिनेछ,

(ङ) परीक्षाहरू यस नियमावली तथा श्री ५ को सरकारको निर्देशन बमोजिम सञ्चालन गर्ने,

(च) नियम ६२ अनुसारको अतिरिक्त कार्यकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्ने,

(छ) जिल्ला शिक्षा समितिले तोकिदिएको परिधिभित्र रही विद्यार्थीको पढाइ, आवाशीय तथा अन्य शुल्कहरू लागू गर्ने,

(ज) श्री ५ को सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षक-हरूलाई तलब, भत्ता खुवाउने,

(झ) शिक्षा मन्त्रालय, क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा समितिको नीति निर्देशन पालन गर्ने,

(ञ) आवाशीय विद्यालय भए शुरूमा कम्तीमा बीस प्रतिशत विद्यार्थी-लाई आवाशीय सुविधा पुऱ्याउने र सात वर्षभित्र पचास प्रतिशत विद्यार्थीलाई आवाशीय सुविधा पुऱ्याउने,

9202

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) आवाशीय विद्यालयमा विद्यार्थीहरूको पौष्टिक आहार शिक्षा मन्त्रालयले तोकिदिएबमोजिमको गुणस्तरको हुनु पर्ने ।"

८. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ मा रहेको "यी नियमावली" भन्ने शब्दहरूको सट्टा "नियम ७" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छः–

"१२. जिल्ला शिक्षा समितिको गठन : (१) जिल्ला शिक्षा समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) जिल्ला पञ्चायतको सभापति – अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी – उपाध्यक्ष

(ग) जिल्लाका महाविद्यालयका प्राध्यापकहरूमध्येबाट त्रिभुवन विश्वविद्यालयद्वारा मनोनीत एकजना वा महाविद्यालय नभएको जिल्लामा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशकद्वारा मनोनीत एकजना – सदस्य

(घ) जिल्ला शिक्षा समितिद्वारा मनोनीत शिक्षक प्रतिनिधि एकजना – सदस्य

(ङ) शिक्षा क्षेत्रमा उल्लेखनीय सेवा गरेका समाजसेवी मध्येबाट जिल्ला शिक्षा समितिद्वारा मनोनीत एकजना – सदस्य

(च) विद्यालय सञ्चालक समितिका अध्यक्षहरूमध्येबाट जिल्ला पञ्चायतद्वारा मनोनीत एकजना – सदस्य

(छ) शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान गर्ने समाजसेवी मध्येबाट अञ्चलाधीशद्वारा मनोनीत एकजना – सदस्य

(ज) विद्यालयका प्रधान अध्यापकहरूमध्येबाट क्षेत्रीय शिक्षा निर्देशकद्वारा मनोनीत एकजना – सदस्य

(झ) जिल्ला शिक्षा अधिकारी – सदस्य-सचिव

(२) जिल्ला शिक्षा समितिको बैठक बस्दा जिल्लाका माननीय राष्ट्रिय पञ्चायत सदस्यहरूलाई जिल्लामा भएको अवस्थामा अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ ।

(३) जिल्ला शिक्षा समितिको कार्यालय जिल्ला शिक्षा अधिकारीको कार्यालय भवनमै रहनेछ ।

१३०६

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-नियम (१) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरूलाई पुनः मनोनीत गर्न यो उप-नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(५) मनोनीत सदस्यलाई बहुमतको निर्णयद्वारा अविश्वासको प्रस्ताव पारित गरी मनोनीत गर्ने व्यक्तिले सदस्यताबाट हटाउन सक्नेछ ।"

१०. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः–

"१३. जिल्ला शिक्षा समितिको काम, कर्तव्य र अधिकार : (१) विद्यालय सञ्चालन गराउने काम जिल्ला शिक्षा समितिको हुनेछ ।

(२) उप-नियम (१) को उद्देश्य पूर्तिको निमित्त जिल्ला शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) योजना अनुरूप माध्यमिक विद्यालयसम्मको जिल्लाव्यापी शिक्षासम्बन्धी योजना बनाउने र त्यसको कार्यान्वयन गराउने,

(ख) जिल्लाको शैक्षिक कृयाकलाप स्वस्थ राख्न र शिक्षाको गुणात्मक स्तर वृद्धि गर्न शैक्षिक कार्यक्रम तर्जुमा गर्ने र सो कार्यक्रमहरू विद्यालय सञ्चालक समितिबाट कार्यान्वयन गर्न लगाउने,

(ग) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको पाकेको तलब, भत्ता नियमित रूपले विद्यालय सञ्चालक समितिबाट दिलाउने,

(घ) प्रौढ शिक्षासम्बन्धी व्यवस्था गर्ने,

(ङ) विद्यालयलाई साल वसाली र पटके आर्थिक सहायताको लागि सिफारिश गर्ने,

(च) शिक्षक तथा छात्र कल्याणको लागि कार्यक्रम बनाउने,

(छ) विद्यालयलाई आर्थिक तथा भौतिक सहयोग पुऱ्याउने सम्बन्धित पञ्चायतलाई सुझाव तथा सहयोग दिने,

(ज) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गराउने,

(झ) पाठ्यक्रम र पाठ्यपुस्तक बारे राय सुझाव दिने,

(ञ) परीक्षा प्रणालीको सुधार गर्ने बारे सुझाव दिने,

(ट) शिक्षा विषयमा सेमिनार, सम्मेलन र प्रदर्शनीको आयोजना गर्ने,

(ठ) विद्यालयको पुस्तकालयको आर्थिक सहायताको लागि सिफारिश गर्ने र पुस्तकालयको व्यवस्था गराउने,

(ड) गरीब र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने,

१२०६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ढ) विद्यालयको विकासको लागि प्रतिस्पर्धात्मक स्वस्थ प्रतियोगिताको वातावरण सृजना गर्ने उद्देश्यले विभिन्न क्रियाकलाप गराउने,

(ण) लगातार तीन वर्षसम्म एस. एल. सी. परीक्षामा तीस प्रतिशतभन्दा कम परीक्षाफल निकाल्ने विद्यालयलाई सरकारी सहायता रोक्का गर्ने,

(त) शिक्षा मन्त्रालय वा क्षेत्रीय निर्देशनालयबाट प्राप्त निर्देशन-हरू पालन गर्ने, गराउने,

(थ) विद्यालय कोषको लेखापरीक्षण लेखापरीक्षकबाट गराउने,

(द) लेखापरीक्षणको प्रतिवेदन अनुसार आवश्यक कारवाही गर्ने, गराउने,

(ध) श्री ५ को सरकारबाट जिल्लालाई निकासा भएको शिक्षक दरबन्दी संख्याको परिधिभित्र रही प्रत्येक विद्यालयको छात्र संख्या, कक्षा संख्या र विषय आदिको विचार गरी शिक्षक दरबन्दी स्वीकृत गर्ने,

(न) शिक्षक छनौट उप-समितिले छनौट गरेका उम्मेदवारहरूको आचरणसम्बन्धी प्रहरी प्रतिवेदन लिई वर्णानुक्रम अनुसार तहगत र विषयगत शिक्षक उम्मेदवारको नामावली प्रकाशित गर्ने,

(प) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको लगत अद्यावधिक गरी राख्ने,

(फ) विद्यालय सञ्चालक समितिलाई आवश्यक निर्देशन दिने,

(ब) जिल्ला शिक्षा कोष सञ्चालन गर्ने ।

(३) जिल्ला शिक्षा समितिले आफ्नो अधिकारमध्ये केही अधि-कार सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

११. मूल नियमावलीको नियम १४ क. मा संशोधन : मूल नियमावलीको नियम १४ क. को सट्टा देहायको नियम १४ क. राखिएको छः–

"१४ क. विद्यालय सञ्चालक समितिको गठन : (१) देहायका विद्यालयको विद्यालय सञ्चालक समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) प्राथमिक विद्यालयकोः

१. प्रधानपञ्च वा विद्यालय संस्थापक वा समाजसेवी वा त्यस विद्यालयमा खास देन भएको, शिक्षाप्रेमीमध्येबाट जिल्ला शिक्षा समितिद्वारा मनोनीत एकजना – अध्यक्ष

२. अभिभावकहरूमध्येबाट स्थानीय गाउँ पञ्चायत वा नगर पञ्चायतद्वारा मनोनीत एकजना – सदस्य

१३०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विद्यालयलाई आर्थिक सहायता दिने चन्दादाताहरूमध्येबाट विद्यालय सञ्चालक समितिद्वारा मनोनीत एकजना – सदस्य

४. वडा सदस्यमध्येबाट गाउँ पञ्चायत वा नगर पञ्चायतद्वारा मनोनीत वडा अध्यक्ष वा सदस्य – सदस्य

५. प्रधान अध्यापक – सदस्य-सचिव

(ख) निम्न माध्यमिक र माध्यमिक विद्यालयको:

१. प्रधान पञ्च वा विद्यालय संस्थापक वा समाजसेवी वा त्यस पञ्चायत क्षेत्रको विद्यालयमा खास देन भएको शिक्षाप्रेमीमध्येबाट जिल्ला शिक्षा समितिद्वारा मनोनीत एकजना – अध्यक्ष

२. अभिभावकहरूमध्येबाट स्थानीय गाउँ पञ्चायत वा नगर पञ्चायतद्वारा मनोनीत दुईजना – सदस्य

३. सम्बन्धित वडा अध्यक्ष – सदस्य

४. विद्यालयलाई आर्थिक सहायता दिने चन्दादाताहरूमध्येबाट विद्यालय सञ्चालक समितिद्वारा मनोनीत दुईजना – सदस्य

५. समाजसेवीहरूमध्येबाट जिल्ला पञ्चायतद्वारा मनोनीत एकजना – सदस्य

६. जिल्ला शिक्षा अधिकारीद्वारा मनोनीत एकजना – सदस्य

७. प्रधान अध्यापक – सदस्य-सचिव

(ग) आवाशीय र निजी स्रोतबाट सञ्चालन हुने विद्यालयको:

१. विद्यालयको स्थापना र सञ्चालनमा उल्लेखनीय योगदान पुर्‍याएको व्यक्तिहरूमध्येबाट क्षेत्रीय शिक्षा निर्देशकद्वारा मनोनीत एकजना – अध्यक्ष

२. जिल्ला शिक्षा समितिद्वारा मनोनीत एकजना – सदस्य

३. सम्बन्धित गाउँ पञ्चायत वा नगर पञ्चायतद्वारा मनोनीत वडा अध्यक्ष वा सदस्य – सदस्य

४. जिल्ला शिक्षा अधिकारी वा निजको प्रतिनिधि– सदस्य

५. विद्यालयलाई आर्थिक सहायता दिने चन्दादाताहरूमध्येबाट विद्यालय सञ्चालक समितिद्वारा मनोनीत दुईजना – सदस्य

६. अभिभावकहरूमध्येबाट विद्यालय सञ्चालक समितिद्वारा मनोनीत दुईजना – सदस्य

९२०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. प्रधान अध्यापक – सदस्य-सचिव

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकै व्यक्ति एकभन्दा बढी विद्यालय सञ्चालक समितिको अध्यक्ष हुन पाउने छैन।

(३) उप-नियम (१) को खण्ड (ख) र (ग) बमोजिम गठित विद्यालय सञ्चालक समितिको बैठक बस्दा सम्बन्धित क्षेत्रको जिल्ला पञ्चायत सदस्यलाई अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ।

(४) उप-नियम (१) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएपछि पुनः मनोनीत हुन सक्नेछ।

१२. मूल नियमावलीको नियम १४ ख. मा संशोधन : मूल नियमावलीको नियम १४ ख. को सट्टा देहायको नियम १४ ख. राखिएको छः–

"१४ ख. विद्यालय सञ्चालक समितिको काम, कर्तव्य र अधिकार : विद्यालय सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्था गर्ने,

(ख) विद्यालय सञ्चालनको निमित्त चाहिने आर्थिक स्रोत जुटाउने र आर्थिक व्ययभार वहन गर्ने,

(ग) शिक्षक तथा कर्मचारीहरूलाई तालीम दिलाउने व्यवस्था गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूलाई तालीममा पठाउँदा तालीम लिई फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्ने शर्तको कबूलियत-नामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(च) शिक्षक तथा कर्मचारीहरूलाई विभागीय कारवाही गर्ने,

(छ) श्री ५ को सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षक तथा कर्मचारीहरूलाई तलब भत्ता खुवाउने,

(ज) विद्यालय सञ्चालनको लागि आवश्यक भौतिक साधनहरू व्यवस्था गर्ने,

(झ) विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न भूगोल, विज्ञान, जस्ता प्रयोगद्वारा सिकाउन पर्ने विषयहरूको लागि आवश्यक सामान र अन्य शैक्षिक सामाग्रीको व्यवस्था गर्ने,

(ञ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी जिल्ला शिक्षा समितिलाई दिने,

(ट) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

९२९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) जिल्ला शिक्षा समितिले तोकेको लेखापरीक्षकद्वारा लेखापरीक्षण गराउने र लेखापरीक्षकलाई पारिश्रमिक दिने,

(ड) जेहेन्दार तथा गरीब विद्यार्थीलाई छात्रवृत्ति दिने र विद्यार्थी संख्याको कम्तीमा पाँच प्रतिशत विद्यार्थीलाई शुल्क माफी दिने व्यवस्था गर्ने,

(ढ) आवाशीय विद्यालयले कम्तीमा पाँच प्रतिशत गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने,

(ण) विद्यालय सञ्चालक समितिका अध्यक्ष लगायत सबै सदस्यले समय समयमा सम्बन्धित विद्यालयको निरीक्षण गरी प्रतिवेदन सञ्चालक समितिको बैठकमा पेश गर्ने,

(त) निरीक्षण प्रतिवेदनमाथि अविलम्ब कारवाही गर्ने,

(थ) जिल्ला शिक्षा समितिको निर्देशन पालन गर्ने,

(द) प्रत्येक वर्ष विद्यालयको अभिभावकहरू र चन्दादाताहरू समेतको वार्षिक साधारण सभा गर्ने, त्यस्तो सभामा विद्यालयको आय-व्यय र शैक्षिक गतिविधि विवरण समेत पेश गर्ने,

(ध) धार्मिक एवं साम्प्रदायिक मनोवृत्तिको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(न) विद्यालयमा विदेशी शिक्षक राख्नु पर्ने भएमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिने,

(प) आवाशीय विद्यालयले विद्यालयको खानातर्फको बाहेक अरू सम्पूर्ण शुल्कको आम्दानीको कम्तीमा दुई प्रतिशत रकम विद्यालयको भौतिक विकासको लागि छुट्याई राख्ने,

(फ) श्री ५ को सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रममा विद्यालयलाई सरीक गराउने,

(ब) एक विद्यालयका शिक्षक अर्को विद्यालयमा सरुवा बढुवा गर्नु परेमा सम्बन्धित विद्यालयका सञ्चालक समितिको पारस्परिक स्वीकृति लिई गर्ने र त्यसको जानकारी जिल्ला शिक्षा समिति तथा जिल्ला कार्यालय, शिक्षा शाखालाई दिने ।"

१३. मूल नियमावलीको नियम १४ ग. मा संशोधन : मूल नियमावलीको नियम १४. ग को सट्टा देहायको नियम १४ ग. राखिएको छः–

"१४ ग. विद्यालय सञ्चालक समिति विघटन गर्न सकिने : जिल्ला शिक्षा समितिले देहायको अवस्थामा विद्यालय सञ्चालक समिति विघटन गर्न सक्नेछः–

९२९९ (क) सन्तोषजनक रूपमा विद्यालय सञ्चालन गर्न नसकेमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ग) श्री ५ को सरकार, क्षेत्रीय निर्देशनालय वा जिल्ला शिक्षा समितिले दिएको निर्देशन पालन नगरेमा ।"

१४. मूल नियमावलीको नियम २१ मा संशोधन : मूल नियमावलीको नियम २१ को उप-नियम (३) को खण्ड (क), (ख), (ग) र (ट) झिकिएका छन् ।

१५. मूल नियमावलीको परिच्छेद ७ मा संशोधन : मूल नियमावलीको परिच्छेद ७ को सट्टा देहायको परिच्छेद ७ राखिएको छः–

"परिच्छेद–७

शिक्षक छनौट उप-समिति

२३. शिक्षक छनौट उप-समिति : (१) जिल्लाका विद्यालयहरूमा शिक्षकहरूको नियुक्ति र बढुवाको लागि सिफारिश गर्न जिल्ला शिक्षा समिति अन्तरगत देहायका सदस्यहरू भएको एक शिक्षक छनौट उप-समिति रहनेछ ।

(क) जिल्ला शिक्षा समितिका सदस्यहरूमध्येबाट सो समितिद्वारा मनोनीत एकजना– अध्यक्ष

(ख) विद्यालय सञ्चालक समितिका अध्यक्षहरूमध्येबाट जिल्ला शिक्षा समितिद्वारा मनोनीत एकजना– सदस्य

(ग) जिल्लाका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट जिल्ला शिक्षा समितिद्वारा मनोनीत एकजना– सदस्य

(घ) जिल्ला शिक्षा समितिद्वारा मनोनीत सम्बन्धित विषयको विशेषज्ञ एकजना– सदस्य

(ङ) जिल्ला शिक्षा अधिकारीद्वारा मनोनीत निरीक्षक एकजना–सदस्य-सचिव

(२) शिक्षक छनौट उप-समितिका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ पदावधि समाप्त भएपछि पुनः मनोनीत हुन सक्नेछ ।

(३) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक छनौट उप-समितिका सदस्यलाई मनोनीत गर्ने सम्बन्धित अधिकारीले जुनसुकै बखत हटाउन सक्नेछ ।

२४. शिक्षक छनौट उप-समितिको काम, कर्तव्य र अधिकार : शिक्षक छनौट उप-समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) जिल्ला शिक्षा समितिबाट स्वीकृत दरबन्दी अनुसार विद्यालयमा विषय अनुसार पूर्ति गर्नु पर्ने शिक्षक संख्याको विवरण जिल्ला कार्यालय, शिक्षा शाखामार्फत लिने,

१३९२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) जिल्लाका विद्यालयहरूमा खाली शिक्षकको पद पूर्ति गर्न खुल्ला प्रतियोगिता तथा बढुवाको लागि स्थानीय पत्रपत्रिकामा समेत विज्ञापन प्रकाशित गर्ने र दरखास्त लिने,

(ग) खण्ड (ख) बमोजिम पर्न आएको दरखास्तहरूउपर छानवीन गरी उपयुक्त उम्मेदवारको छनौट गर्न देहायको कुनै दुई वा दुईभन्दा बढी तरीका अपनाउनेः–

(क) सार्वजनिक खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा,

(ख) जिल्लाका शिक्षकहरूको आन्तरिक बढुवाको लागि प्रतियोगितात्मक लिखित परीक्षा,

(ग) प्रयोगात्मक परीक्षा वा अन्तरवार्ता ।

(घ) खण्ड (ग) बमोजिमको परीक्षासम्बन्धी पाठ्यक्रम समय समयमा जिल्ला कार्यालय शिक्षा शाखाको परामर्श लिई निर्धारण गर्ने,

(ङ) योग्य उम्मेदवारहरू छनौट गरी जिल्ला शिक्षा समितिमा पेश गर्ने ।

२५. बैठक र कार्यविधि : (१) शिक्षक छनौट उप-समितिको बैठक अध्यक्षको अनुमति लिई सदस्यहरूलाई कमसेकम बहत्तर घण्टाको पूर्व सूचना दिई सदस्य-सचिवले बोलाउनेछ ।

(२) प्रत्येक बैठकको विषयसूचीमा त्यस बैठकमा छलफल गरिने विषयहरू स्पष्ट रूपले लेखी दुई दिन अगावै प्रत्येक सदस्यकहाँ पठाई दिनुपर्छ ।

(३) प्रत्येक बैठक हुँदा निर्णय पुस्तिकामा उपस्थित सदस्यहरूको नाम र त्यसपछि बैठकमा भएको निर्णयहरू लेखी अन्तमा सदस्यहरूको सही गराउनुपर्छ ।

(४) बैठकको सभापतित्व अध्यक्षले गर्नेछ ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

(६) बैठकको निर्णय सदस्य–सचिवले प्रमाणित तथा कार्यान्वित गर्नेछ ।"

.. मूल नियमावलीको परिच्छेद – ८ मा संशोधन : मूल नियमावलीको परिच्छेद – ८ को सट्टा देहायको परिच्छेद– ८ राखिएको छः–

"परिच्छेद–८

जिल्ला शिक्षा कोष तथा विद्यालय कोष

२६. जिल्ला शिक्षा कोषको सञ्चालन : (१) जिल्ला शिक्षा समिति अन्तर्गत एक जिल्ला शिक्षा कोष रहनेछ ।

(२) श्री ५ को सरकारबाट जिल्ला शिक्षा कोषमा प्राप्त आर्थिक अनुदानको रकम जिल्ला शिक्षा समितिले निर्धारण गरिए अनुसार त्रैमासिक रूपमा विद्यालय कोषमा पठाउनेछ । ९३१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले कुनै कामको लागि तोकी निकासा दिएको जिल्ला शिक्षा कोषको रकम सोही कामको लागि खर्च गर्नु पर्नेछ ।

(४) उप-नियम (२) र (३) बमोजिम प्राप्त रकम बाहेक जिल्ला शिक्षाको कोषको अन्य रकम जिल्ला शिक्षा समितिले निर्णय गरी तोकिदिएबमोजिम खर्च गर्नु पर्नेछ ।

(५) जिल्ला शिक्षा कोषको सञ्चालन जिल्ला शिक्षा अधिकारी र जिल्ला कार्यालय शिक्षा शाखाको बडालेखापाल वा लेखापालको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) जिल्ला शिक्षा कोषको हिसाब किताब राख्ने जवाफदेही रूपमा जिल्ला शिक्षा अधिकारी र बडालेखापाल वा लेखापालको हुनेछ ।

२६ क. विद्यालय कोषको सञ्चालन : (१) विद्यालय सञ्चालक समिति अन्तर्गत एक विद्यालय कोष रहनेछ र विद्यालयको सम्पूर्ण खर्च उक्त कोषबाट व्यहोरिनेछ ।

(२) विद्यालय कोषको रकम विद्यालय सञ्चालक समितिले निर्णय गरी तोकिदिएबमोजिम खर्च गर्नु पर्नेछ ।

(३) विद्यालय कोषको सञ्चालन विद्यालय संचालक समितिको अध्यक्ष वा निजले तोकेको सदस्य र सदस्य-सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) विद्यालय कोषको हिसाब किताब राख्ने जवाफदेही विद्यालय सञ्चालक समितिका सदस्य-सचिवको हुनेछ ।

(५) विद्यालय कोषको लेखापरीक्षण जिल्ला शिक्षा समितिले तोकेको लेखापरीक्षकद्वारा हुनेछ ।"

१७. मूल नियमावलीको नियम २७ मा संशोधन : मूल नियमावलीको नियम २७ को,–

(१) खण्ड (छ) र (ज) झिकिएका छन् ।

(२) खण्ड (झ) मा रहेको "जिल्ला शिक्षा अधिकारी वा निरीक्षकलाइ" भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा अधिकारी, निरीक्षक, जिल्ला शिक्षा समितिका अध्यक्ष वा सदस्य तथा विद्यालय सञ्चालक समितिका अध्यक्ष वा सदस्यलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ठ) मा रहेको "तलब प्रतिवेदन पारित गर्ने" भन्ने शब्दहरूको सट्टा "तलब प्रतिवेदन पारित गर्न विद्यालय सञ्चालक समितिमा पेश गर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(४) खण्ड (ड) मा रहेको "जिल्ला शिक्षा समितिद्वारा" भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा समिति तथा विद्यालय सञ्चालक समितिद्वारा" भन्ने शब्दहरू राखिएका छन् ।

१३९८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) खण्ड (ढ) मा रहेको "जिल्ला शिक्षा समितिमा" भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा समिति र विद्यालय सञ्चालक समितिमा" भन्ने शब्दहरू राखिएका छन् ।

(६) खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छः–

"(न) शिक्षकहरूलाई तालीममा पठाउन विद्यालय सञ्चालक समितिको स्वीकृति लिई जिल्ला कार्यालय शिक्षा शाखामा सिफारिश गर्ने ।"

(७) खण्ड (प) मा रहेको "जिल्ला शिक्षा कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "विद्यालय सञ्चालक समितिमा" भन्ने शब्दहरू राखिएका छन् ।

(८) खण्ड (भ) झिकिएको छ ।

(९) खण्ड (म) मा रहेको "जिल्ला शिक्षा समितिबाट" भन्ने शब्दहरूको सट्टा "विद्यालय संञ्चालक समितिबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(१०) खण्ड (म) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

१८. मूल नियमावलीको नियम २८ मा संशोधन : मूल नियमावलीको नियम २८ को,–

(१) उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई सजाय गर्ने सम्बन्धमा नसिहत दिने र तलव वृद्धि रोक्का गर्ने सजायको लागि विद्यालयका प्रधान अध्यापक, अन्य सजायको लागि विद्यालय सञ्चालक समिति र प्रधान अध्यापकलाई सजाय गर्ने सम्बन्धमा विद्यालय सञ्चालक समिति ।"

(२) उप-नियम (२) को खण्ड (घ) मा रहेको "जिल्ला शिक्षा अधिकारी" भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा समिति" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) ऐनको दफा १८ को उपदफा (२) को प्रयोजनको लागि तोकिएको अधिकारीमा ऐनको दफा १७ को उप-दफा (२) अन्तर्गत प्रधान अध्यापकले शुरू कारवाही गरी गरेको सजायको हकमा विद्यालय सञ्चालक समिति, विद्यालय सञ्चालक समितिले शुरू कारवाही गरी गरेको सजायको हकमा जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा समिति वा जिल्ला शिक्षा अधिकारीले शुरू कारवाही गरी गरेको सजायको हकमा क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुख र क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखले शुरू कारवाही गरी गरेको सजायको हकमा शिक्षा मन्त्रालयको सचिवलाई अधिकारी तोकिएको छ र म्यादको हकमा सजायको आदेश पाएको मितिले पैंतीस दिन तोकिएको छ ।"

१९. मूल नियमावलीको नियम ३१ मा संशोधन : मूल नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको छः–

९३९७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३१. खाता संचालन : विद्यालयको कार्य सञ्चालन स्तरको खाताको सञ्चालन विद्यालयको प्रधान अध्यापक र लेखापाल वा कुनै एक शिक्षकको संयुक्त दस्तखतबाट हुनेछ ।"

२०. मूल नियमावलीको नियम ३३ मा संशोधन : मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएको छ:–

"३३. लेखापरीक्षण : (१) विद्यालयको प्रधान अध्यापकले आम्दानी खर्चको वार्षिक विवरण तयार गरी प्रत्येक आर्थिक वर्षको श्रेस्ता जिल्ला शिक्षा समितिले तोकेको लेखापरीक्षकद्वारा लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा विद्यालयको हिसाब किताब सम्बन्धी खाता बही श्रेस्ता जुनसुकै बखत मागे पनि जाँचन दिनु पर्नेछ र निजले कैफियत तलब गरेको कुराको यथार्थ जवाफ समेत सरोकारवालाले दिनु पर्नेछ ।

(३) लेखापरीक्षकको प्रतिवेदनमाथि जिल्ला शिक्षा समितिले आवश्यक कारवाही गर्नु पर्नेछ ।

(४) विद्यालयले लेखापरीक्षकलाई जिल्ला शिक्षा समितिले तोकिदिएबमोजिम पारिश्रमिक दिनु पर्नेछ ।"

२१. मूल नियमावलीको नियम ३४ मा संशोधन : मूल नियमावलीको नियम ३४ मा रहेको "एक प्रति जिल्ला शिक्षा कार्यालय र एक प्रति क्षेत्रीय शिक्षा निर्देशनालयमा" भन्ने शब्दहरूको सट्टा "विद्यालय सञ्चालक समिति, जिल्ला कार्यालय शिक्षा शाखा, जिल्ला शिक्षा समिति र क्षेत्रीय शिक्षा निर्देशनालयमा एक एक प्रति" भन्ने शब्दहरू राखिएका छन् ।

२२. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ मा रहेको "जिल्ला शिक्षा कार्यालयमा आन्तरिक लेखापरीक्षण वा सो निर्देशनालय वा कार्यालयबाट" भन्ने शब्दहरूको सट्टा "जिल्ला कार्यालय शिक्षा शाखाबाट" भन्ने शब्दहरू राखिएका छन् ।

२३. मूल नियमावलीको नियम ३६ मा संशोधन : मूल नियमावलीको नियम ३६ को सट्टा देहायको नियम ३६ राखिएको छ:–

"३६. शिक्षक तथा कर्मचारीको नियुक्ति, बढुवा, सरूवा र बर्खासी: (१) विद्यालयको रिक्त शिक्षक पदमा नियुक्ति वा बढुवा गर्दा जिल्ला शिक्षा समितिले छनौट गरेका उम्मेदवारहरूमध्येबाट विद्यालय सञ्चालक समितिले नियुक्ति वा बढुवा गर्नेछ ।

१३९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कुनै विद्यालयमा कुनै विषयको शिक्षक पद रिक्त भएमा अरू विद्यालयमा सोही विषयको योग्यता भएको बहालवाला स्थायी शिक्षक बढी रहेछ भने त्यस्तो शिक्षकलाई नै जिल्ला कार्यालय, शिक्षा शाखाले खाली दरबन्दी भएको विद्यालयमा सिफारिश गरी पठाउन सक्नेछ र सम्बन्धित विद्यालय सञ्चालक समितिले पनि त्यसरी सिफारिश गरी पठाएको शिक्षकलाई नियुक्ति वा बढुवा गर्नु पर्नेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवाशीय र निजी स्रोतबाट सञ्चालन हुने विद्यालयको विद्यालय सञ्चालक समितिले आफैं उम्मेदवारहरू छनौट गरी शिक्षकको नियुक्ति वा बढुवा गर्न सक्नेछ ।

(३) उप-नियम (१) वा (२) बमोजिम नियुक्ति हुनु अगावै सम्बन्धित उम्मेदवारले आफ्नो नागरिकता र निरोगिताको प्रमाणपत्र नियुक्ति गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(४) विद्यालयमा नियुक्ति गरिएका प्रत्येक शिक्षक वा कर्मचारीलाई निजले पाउने तलबसमेत खोली नियुक्ति पत्र दिनु पर्नेछ ।

(५) उप-नियम (१) बमोजिम नियुक्ति वा बढुवा गरिएका शिक्षक वा कर्मचारी-को फोटो र अन्य पूर्ण विवरण सहितको अभिलेख जिल्ला शिक्षा समितिमा पठाउने अभिभारा प्रधान अध्यापकको हुनेछ र त्यस्तो अभिलेख एक प्रति सम्बन्धित विद्या-लयमा राख्नु पर्नेछ ।

(६) साधारणतः विद्यालयका शिक्षक वा कर्मचारीहरूको स्थानान्तरण गरिने छैन ।

(७) विद्यालयमा हालसम्म कार्यरत रहेको शिक्षक तथा कर्मचारीहरू सोही विद्यालयको विद्यालय संचालक समिति अन्तरगत रहेको मानिनेछ ।

(८) ऐन वा यो नियमावली बमोजिम बर्खास्त गरिएका शिक्षक तथा कर्मचारी-हरूको नाम सहितको विवरण बर्खास्त गरिएको सात दिनभित्र जिल्ला शिक्षा समितिमा पठाउने कर्तव्य नियुक्ति गर्ने अधिकारीको हुनेछ ।"

२४. <u>मूल नियमावलीको नियम ३९ मा संशोधन</u>: मूल नियमावलीको नियम ३९ को,

(१) उप-नियम (१) को खण्ड (क) पछि देहायको खण्ड (क १) थपिएको छः–

"(क १) पर्वविदा वर्ष भरिमा दिन – – – – – – – – ३"

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) अध्ययन बिदा नोकरीको तमाम अवधिभरमा बढीमा वर्ष – ३"

(३) उप-नियम (१) पछि देहायको उप-नियम (१ क) र (१ ख) थपिएका छन्ः–

"(१ क) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको बिरामी बिदा संचित हुन सक्नेछ ।

(१ ख) अध्ययन बिदा एकै पटक वा पटक पटक गरी दिन सकिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-नियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः–

"(३) उप-नियम (१) बमोजिमका बिदाहरू विद्यालयका प्रधान अध्यापकको निमित्त विद्यालय सञ्चालक समितिले र अन्य शिक्षक तथा कर्मचारीको निमित्त प्रधान अध्यापकले दिन सक्नेछ र एक पटकमा तीन दिनमा नबढाई भैपरी आउने बिदा प्रधान अध्यापकले आफैं लिन सक्नेछ ।

तर अध्ययन बिदा र असाधारण बिदा विद्यालय सञ्चालक समितिले बाहेक अरूले दिन सक्ने छैन ।"

२५. मूल नियमावलीको नियम ४१ मा संशोधनः मूल नियमावलीको नियम ४१ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) उप-नियम (१) बमोजिम काजमा जाने शिक्षक वा कर्मचारीले श्री ५ को सरकारले तोकिदिएबमोजिमको दैनिक तथा भ्रमण भत्ता विद्यालय कोषबाट पाउनेछ ।"

२६. मूल नियमावलीको नियम ४४ मा संशोधनः मूल नियमावलीको नियम ४४ को उप-नियम (१)मा रहेको "जिल्ला शिक्षा अधिकारीले" भन्ने शब्दहरूको सट्टा "विद्यालय संचालक समितिले बढीमा छ महीनाको लागि" भन्ने शब्दहरू राखिएका छन् ।

२७. मूल नियमावलीको नियम ४४ क. मा संशोधनः मूल नियमावलीको नियम ४४ क. को सट्टा देहायको नियय ४४ क. राखिएको छः–

"४४ क. अस्थायी नियुक्तिको व्यवस्थाः विद्यालयको रिक्त स्थायी पद तत्कालै पूर्ति गर्न परेमा विषय मिल्दो र योग्यता पुगेको व्यक्तिलाई बढीमा ६ महीनासम्मको लागि विद्यालय संचालक समितिले अस्थायी नियुक्ति गर्न सक्नेछ । सोभन्दा बढी अवधिको लागि जिल्ला शिक्षा समितिको पूर्व स्वीकृति लिई नियुक्ति गर्नु पर्नेछ ।"

२८. मूल नियमावलीको नियम ४५ मा संशोधनः मूल नियमावलीको नियम ४५ मा रहेको "जिल्ला शिक्षा कोषबाट" भन्ने शब्दहरूको सट्टा "विद्यालय कोषबाट" भन्ने शब्दहरू राखिएका छन् ।

२९. मूल नियमावलीको नियम ४७ ख. मा संशोधनः मूल नियमावलीको नियम ४७ ख. को–

(१) उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखको सहमती लिई" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उप-नियम (३) पछि देहायको उप-नियम (४) थपिएको छः–

"(४) विद्यालयको कुनै शिक्षक वा कर्मचारी कुनै कारणले थुनामा परेमा थुनामा परेको अवधिभरको तलब, भत्ता निजले पाउने छैन ।"

१३६५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. मूल नियमावलीको नियम ४७ ग. मा संशोधनः मूल नियमावलीको नियम ४७ ग. को सट्टा देहायको नियम ४७ ग. राखिएको छः–

"४७ ग. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः (१) श्री ५ को सरकारले विद्यालयका शिक्षक तथा कर्मचारीहरूको सरुवा र बर्खासी सम्बन्धमा विद्यालय संचालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालन गर्नु विद्यालय संचालक समितिको कर्तव्य हुनेछ ।"

३१. मूल नियमावलीको नियम ४८ क. मा संशोधनः मूल नियमावलीको नियम ४८ क. को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश (१) मा रहेको "सरकारी शिक्षक पदबाट" भन्ने शब्दहरूको सट्टा "सरकारी सेवाबाट" भन्ने शब्दहरू राखिएका छन् ।

३२. मूल नियमावलीको नियम ४८ख. मा संशोधनः मूल नियमावलीको नियम ४८ ख. को–

(१) खण्ड (२) मा रहेको "सरकारी शिक्षकबाट" भन्ने शब्दहरूको सट्टा "सरकारी सेवाबाट" भन्ने शब्दहरू र "सरकारी शिक्षक पदमा" भन्ने शब्दहरूको सट्टा "सरकारी सेवामा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (३) मा रहेको "जिल्ला शिक्षा सेवा आयोगको सिफारिशमा" भन्ने शब्दहरू झिकिएका छन् ।

३३. मूल नियमावलीको नियम ४८ ग. मा संशोधनः मूल नियमावलीको नियम ४८ ग. को–

(१) खण्ड (क) झिकिएको छ ।

(२) खण्ड (ग) मा रहेको "जिल्ला शिक्षा सेवाको" भन्ने शब्दहरूको सट्टा "शैक्षिक नोकरीको" भन्ने शब्दहरू राखिएका छन् ।

३४. मूल नियमावलीको नियम ४८ झ. मा संशोधनः मूल नियमावलीको नियम ४८ झ. को उपनियम (१) को खण्ड (ग) झिकिएको छ ।

३५. मूल नियमावलीमा नियम ४८ ढ. थपः मूल नियमावलीको नियम ४८ ड. पछि देहायको नियम ४८ ढ. थपिएको छः–

"४८ ढ. यो परिच्छेद लागू नहुनेः आवाशीय विद्यालय तथा निजी स्रोतबाट संचालन हुने विद्यालयको शिक्षकको सम्बन्धमा यो परिच्छेद लागू हुने छैन ।"

३६. मूल नियमावलीको नियम ५५ मा संशोधनः मूल नियमावलीको नियम ५५ को–

(१) उपनियम (२) मा रहेको "क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखले" भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर कुनै विद्यालय संचालक समितिले शुल्क बृद्धि गर्नुपर्ने आवश्यकता देखेमा जिल्ला शिक्षा समितिको स्वीकृति लिई बढीमा पच्चीस प्रतिशतसम्म शुल्क बढाई लिन सक्नेछ ।"

९३९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. मूल नियमावलीको नियम ५९ मा संशोधनः मूल नियमावलीको नियम ५९ को–

(१) उप-नियम (२) मा रहेको "जिल्ला शिक्षा अधिकारीले" भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (५) को सट्टा देहायको उप-नियम (५) राखिएको छः–

"(५) पूर्व प्राथमिक विद्यालय, आवाशीय विद्यालय तथा निजी स्रोतबाट संचालन हुने विद्यालयहरूलाई श्री ५ को सरकारबाट आर्थिक सहायता दिइने छैन ।"

३८. मूल नियमावलीको नियम ६० मा संशोधनः मूल नियमावलीको नियम ६० को उप-नियम (१) मा रहेको "जिल्ला शिक्षा समिति" भन्ने शब्दहरूको सट्टा "विद्यालय संचालक समिति" भन्ने शब्दहरू राखिएका छन् ।

३९. मूल नियमावलीको नियम ६५ मा संशोधनः मूल नियमावलीको नियम ६५ को उप-नियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) अभिभावकहरूमध्येबाट विद्यालय संचालक समितिद्वारा मनोनीत एकजना– – – – सदस्य"

४०. मूल नियमावलीको नियम ७६ मा संशोधनः मूल नियमावलीको नियम ७६ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) उप-नियम (१) बमोजिमको आचार संहिताको पालन भए नभएको अभिलेख शिक्षकहरूको प्रधान अध्यापकले र प्रधान अध्यापकको विद्यालय संचालक समितिले राख्नु पर्नेछ र त्यसको एकप्रति सम्बन्धित जिल्ला कार्यालय, शिक्षा शाखामा पठाउनु पर्नेछ ।"

४१. रूपान्तरः मूल नियमावलीमा देहायका शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा देहायको शब्दहरू राखिएका छन्ः–

(क) विद्यालय सहयोग समिति– विद्यालय संचालक समिति

(ख) सहयोग समिति– विद्यालय संचालक समिति

(ग) जिल्ला शिक्षा अधिकारीको कार्यालय–जिल्ला कार्यालय शिक्षा शाखा

(घ) जिल्ला शिक्षा कार्यालय– जिल्ला कार्यालय शिक्षा शाखा

४२. खारेजीः मूल नियमावलीको नियम ८,१०, परिच्छेद ३ ख. र परिच्छेद १८ खारेज गरिएका छन् ।

आज्ञाले–

तेजबहादुर प्रसाई

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।